संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-१७

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : २:४३ बजे*
*बैठक स्थगित : २:५९ बजे*

२०८० असार १० गते, आइतवार (दोश्रो)

---

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको सत्रौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०२:४३ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको जानकारी गराउनुहुँदै देहाय बमोजिमको पत्रको ब्यहोरा सभा समक्ष जानकारी गराउनुभयोः

"माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल चीनको सिन्जियाङ्ग प्रान्तको काशी प्रिफेक्चरमा आयोजना हुने 13th Kashi Commodity Fair मा सहभागी हुन मिति २०८० असार ४ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले सम्हाल्ने गरी तोक्नुभएको ब्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०३/०३"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "नेपाल विश्वविद्यालय विधेयक, २०७९ सम्बन्धी समितिको प्रतिवेदन" पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभा समक्ष पेस गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिन अनुरोध गर्नुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयोः

१. मा. तुलसा कुमारी दाहाल
२. मा. दिल कुमारी रावल थापा (पार्वती)

त्यसपछि सम्माननीय अध्यक्षले माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई छलफलमा उठेका विषयहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय अध्यक्षले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने ब्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय पृथ्वीबहादुर सिंह र राष्ट्रिय सभाका पूर्वसदस्य एवं संविधान सभा सदस्य महेश चौधरीको निधन भएकोमा निम्न लिखित शोक प्रस्तावहरू प्रस्तुत गर्नुभयो:

क) "सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय पृथ्वीबहादुर सिंहको असार ५ गते सवारी दुर्घटनामा परी उपचारका क्रममा ६५ वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय सिंह २०७९ सालमा बझाङ जिल्ला निर्वाचन क्षेत्र नं १ (क) बाट नेपाली कांग्रेस पार्टीको तर्फबाट प्रदेश सभा सदस्यमा निर्वाचित हुनुभएको थियो।

यो बैठक स्वर्गीय सिंहप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

ख) "राष्ट्रिय सभाका पूर्वसदस्य एवं संविधान सभा सदस्य महेश चौधरीको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङमा उपचारको क्रममा २०८० साल जेठ २४ गते ७३ वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय चौधरी वि.सं. २०४८ सालमा तत्कालीन मध्यपश्चिमाञ्चल विकास क्षेत्रबाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट राष्ट्रिय सभा सदस्य हुनुहुन्थ्यो। साथै स्वर्गीय चौधरी वि.सं. २०६४ सालको संविधान सभामा मन्त्रिपरिषद्बाट मनोनित सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय चौधरीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

त्यसपछि, सम्माननीय अध्यक्षले उपरोक्त शोक प्रस्तावहरूलाई पारित गरिदिनु हुन अनुरोध गर्नुहुँदा सभाले सर्वसम्मतिले पारित गऱ्यो।

तदुपरान्त, सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय पृथ्वीबहादुर सिंह र राष्ट्रिय सभाका पूर्वसदस्य एवं संविधान सभा सदस्य महेश चौधरीको निधनप्रति शोक व्यक्त गर्न सभाले उठेर एक मिनेट मौन धारण गऱ्यो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० असार १४ गते बिहिवार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव